# शहिद लखन गाउँपालिका
# स्वास्थ्य सेवा ऐन,
# २०७५

शहिद लखन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

घैरुङ्ग, गोरखा

अध्यक्ष

# शहिद लखन गाउँपालिका

## स्वास्थ्य सेवा ऐन, २०७५

**प्रस्तावना :**

नेपालको संविधानले आधारभूत स्वास्थ्य र सरसफाइ सेवा स्थानीय सरकारलाई हस्तान्तरण गरे बमोजिम शहिद लखन गाउँपालिका क्षेत्र भित्रका नागरिकहरुलाई उपलब्ध श्रोत साधनको अधिकतम सदुपयोग गरि थप व्यवस्थित र प्रभावकारी रुपमा स्वास्थ्य र सरसफाइ सेवा प्रदान गर्ने कार्यमा गाउँपालिकाको प्रमुख जिम्मेवारी रही आएको र सोको व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था गरि कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधानको धारा २२६ अनुसूचि ८ को सूचि नं. ९ तथा अनुसूचि ९ को (३) का अधिकारहरुलाई कार्यान्वयन गर्न" तथा "स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११, (२) को (झ) र १०२ को (१) बमोजिम शहिद लखन गाउँपालिका, गाउँ सभाले यो ऐन तर्जुमा गरेको छ।

### परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यस ऐनलाई "स्वास्थ्य सेवा ऐन, २०७५" भनिने छ।

(ख) यो ऐन शहिद लखन गाउँपालिका भर लागु हुनेछ।

(ग) गाउँ सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात् लागु हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"ऐन"** भन्नाले शहिद लखन गाउँपालिकाको "स्वास्थ्य सेवा ऐन २०७५" लाई सम्झनु पर्छ।

(ख) **"सङ्घीय ऐन"** भन्नाले स्वास्थ्य सम्बन्धी सङ्घीय संसदले बनाएको ऐन बुझ्नु पर्दछ।

(ग) **"गाउँपालिका"** भन्नाले शहिद लखन गाउँपालिका सम्झनु पर्छ।

(घ) **"कार्यपालिका"** भन्नाले शहिद लखन गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ।

**(ङ)** **"सरकारी वा सामुदायिक"** भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य संस्था सम्झनु पर्दछ।

(च) **"निजी"** भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी सञ्चालन हुने स्वास्थ्य संस्था सम्झनु पर्दछ।

(छ) **"ट्रष्ट वा लोककल्याणकारी"** भन्नाले ट्रष्ट वा लोककल्याणकारी वा सहकारी संस्थाहरु मार्फत सञ्चालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

**(ज)** **"गाउँपालिका स्वास्थ्य समिति"** भन्नाले दफा ५ अनुसार गाउँपालिकामा गठित स्वास्थ्य समितिलाई सम्झनु पर्दछ।

(झ) **"व्यवस्थापन समिति"** भन्नाले दफा ७ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

(ञ) **"स्वास्थ्य संस्था"** भन्नाले सरकारी, सामुदायिक, सहकारी तथा निजी स्तरबाट सञ्चालित स्वास्थ्य सेवा उपलब्ध गराउने संस्थाहरुलाई सम्झनु पर्दछ।

(ट) **"स्वास्थ्य शाखा"** भन्नाले शहिद लखन गाउँपालिकाको स्वास्थ्य शाखा सम्झनुपर्छ।

(ठ) **"प्रदेश ऐन"** भन्नाले गण्डकी प्रदेशको ऐनलाई सम्झनु पर्दछ।

शहिद लखन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय गोरखा २०७३

अध्यक्ष

परिच्छेदः २

## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

३. **आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु** : स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन् :

(क) **सरकारी वा सामुदायिक** : सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, सामुदायिक स्वास्थ्य इकाई, गाउँघर क्लिनिक, आयुर्वेद औषधालय सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकायहरु हुनेछन् ।

(ख) **निजी** : निजी क्षेत्रद्वारा सञ्चालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक, हेल्थ क्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ग) **ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु** : ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु मार्फत सञ्चालन हुने अस्पताल, स्वास्थ्य सहकारी, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक तथा यससँग सम्वन्धित स्वास्थ्य सेवा प्रदायक संस्था यस अन्तर्गत पर्दछन् ।

४. **स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड** : स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड सङ्घीय, प्रादेशिक सरकार र शहिद लखन गाउँपालिकाले तोकेबमोजिम हुनेछ ।

५. **गाउँपालिका स्वास्थ्य समितिको गठन तथा काम, कर्तव्य र अधिकारः**

**(१) शहिद लखन गाउँपालिका भित्र स्वास्थ्य संस्थाहरुको अनुमति सञ्चालन, व्यवस्थापन, समन्वय, रेखदेख, अनुगमन र नियमन गर्न गाउँपालिका स्वास्थ्य समितिको गठन गरिने छ । यस समितिको गठन यस प्रकार हुने छ :**

(क) गाउँपालिका अध्यक्ष वा निजले काम गर्न तोकिएको व्यक्ति — अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(ग) सामाजिक विकास समितिको संयोजक — सदस्य

(घ) गाउँपालिका भित्रको सरकारी स्वास्थ्य संस्थाका प्रमुख मध्येबाट वा स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक २ वर्षमा परिवर्तन हुने गरी गाउँपालिका बाट मानोनित १ जना — सदस्य

(ङ) आमा समूह र स्वास्थ्य स्वयंमसेविका सञ्जाल मध्येवाट कार्यपालिकाले तोकेको महिला १ जना — सदस्य

(च) गाउँपालिका अर्न्तगत आयुर्वेद औषधालय प्रमुख — सदस्य

(छ) स्वास्थ्य व्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक वर्ष परिवर्तन हुने गरी कार्यपालिकाले तोकेका १ जना — सदस्य

(छ) स्वास्थ्य शाखा प्रमुख — सदस्य सचिव

(ज) आवश्यकता अनुसार स्वास्थ्य विज्ञलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(२) मनोनित सदस्यको कार्यकाल २ वर्षको हुने छ ।

**(३) उपदफा (१) बमोजिम मनोनित सदस्यले आफ्नो पदीय आचरण अनुसार काम नगरेमा सफाईको मौका दिई जुन सुकै बखत हटाउन सकिनेछ ।**

**(४) गाउँपालिको स्वास्थ्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) गाउँपालिका भित्रको स्वास्थ्य तथा सरसफाई योजना तयार गरी कार्यन्वयन गर्ने गराउने ।

(ख) संघ, प्रदेश र गाउँपालिकाको ऐन, कानून र नियमावली अनुसार गाउँपालिका भित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति र खारेजी सम्बन्धी तोकिए बमोजिम कार्य गर्ने ।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने ।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(ज) ऐनको दफा १७ बमोजिम दण्ड सजायको लागि सिफारिस गर्ने ।

(ञ) स्वास्थ्य तथा सरसफाइ सम्बन्धी तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

**६. गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुखको काम, कर्तव्य र अधिकार**

(१) यस ऐनमा अन्यत्र लेखिए बाहेक गाउँपालिका स्वास्थ्य शाखा प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुको योजना तर्जुमा कार्यान्वयन तथा नियमन प्रक्रिया तयार पारी गाउँपालिका स्वास्थ्य समितिमा पेश गर्ने ।

(ख) प्रचलित कानुन अनुसारका दैनिक प्रशासनको काम गर्ने ।

(ग) स्वास्थ्य समितिका निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

(घ) तोकिएका अन्य कार्यहरु गर्ने ।

**७. स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार**

(१) गाउँपालिका भित्रका प्रत्येक सामुदायिक अस्पताल, प्राथमिक स्वास्थ्य केन्[illegible]को, आयुर्वेद औषधालय, सामुदायिक स्वास्थ्य इकाई व्यवस्थापनका लागि देहाय बमोजिम [illegible] समिति गठन गरिनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिकाको अध्यक्ष | संरक्षक |
| (ख) स्वास्थ्य संस्था रहेको वडाको वडा अध्यक्ष | अध्यक्ष |
| (ग) समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरु मध्येबाट १ जना | उपाध्यक्ष |
| (घ) स्वास्थ्य संस्था रहेको क्षेत्रको विद्यालयको प्रमुख वा प्र.अ.हरुमध्ये वाट १ [illegible] | सदस्य |
| (ङ) स्थानीय समाजसेवी तथा व्यापारी मध्येबाट व्यवस्थापन समितिले मनोनि[illegible] | सदस्य |
| (च) समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविका [illegible] जना | सदस्य |
| (छ) सम्बन्धित वडाको वडा सचिव | सदस्य |
| (ज) सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख | सदस्य सचिव |

माथि जुन सुकै कुरा उल्लेख भएतापनि स्वास्थ्य संस्थाको कार्यक्षेत्रका वडा अध्यक्षहरु प[illegible]स्य हुनेछन् ।

(२) निजी स्वास्थ्य संस्थाको व्यवस्थापन समितिको गठन काम, कर्तव्य र अधिकार तोकिए [illegible]हुनेछ ।

**(३) स्वास्थ्य संस्था व्यवस्थापन समितिका काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछन् :**

(क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत गाउँपालि[illegible]र्ने ।

(ख) स्वास्थ्य संस्थाको व्यवस्थापन गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्य[illegible] गर्ने ।

(ग) वार्षिक समिक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम सञ्चालन गर्ने ।

(घ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको [illegible]को लागि सहजीकरण गर्ने ।

(ङ) स्वास्थ्य घुम्ति शिविरहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा खोप र गाउँघर क्लिनिक सञ्चालनमा सहयोगका साथै व्यवस्थापन गर्ने ।

(च) संघ, प्रदेश र स्थानीय सरकारबाट सञ्चालित स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

(छ) अन्य तोकिए बमोजिमका कार्यहरु गर्ने ।

८. **बैंक खाता सञ्चालन : हरेक स्वास्थ्य संस्थाले गाउँपालिकाले तोकेको वैंकमा खाता खोल्न सक्ने छ ।**

(१) स्वास्थ्य संस्थाको वैंक खाता व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण गाउँपालिका स्वास्थ्य समितिले तोके बमोजिम हुनेछ ।

(३) महिला स्वास्थ्य स्वयंम सेविका अक्षय कोष सोहि निर्देशिका अनुसार सञ्चालन गरिनेछ ।

९. **गाउँपालिका स्वास्थ्य समिति कोष**

(१) गाउँपालिका भित्रका स्वास्थ्य तथा सरसफाइ सम्बन्धी कार्य सञ्चालन, व्यवस्थापन र ऐनको कार्यान्वयनको लागि गाउँपालिका स्वास्थ्य कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछ :

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान रकम

(ख) गाउँपालिका बाट प्राप्त अनुदान रकम

(ग) चन्दा वा दानबाट प्राप्त रकम (स्वदेशी, विदेशी )

(घ) अन्य श्रोतबाट प्राप्त रकम

१०. **स्वास्थ्य संस्था कोष**

(१) प्रत्येक स्वास्थ्य संस्थामा कोष हुनेछ, जसमा देहाय बमोजिमका रकमहरु हुनेछ :

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान रकम

(ख) गाउँपालिकाबाट प्राप्त अनुदान रकम

(ग) चन्दा वा दानबाट प्राप्त रकम (स्वदेशी, विदेशी )

(घ) वडा समितिबाट प्राप्त रकम

(ङ) अन्य श्रोतबाट प्राप्त रकम

## परिच्छेद: २

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड

११. **अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड**

(१) **अस्पताल** : गाउँपालिका आफैले तोकिएको मापदण्डमा २५ शैयासम्म क्षमताको अस्पताल सञ्चालन गर्न सक्नेछ, यस्तो अस्पताल सञ्चालन गर्न गाउँपालिकाले संघ र प्रदेशको मापदण्डमा तादाम्यता हुने गरी अस्पताल सञ्चालन नियमावली तर्जुमा गरी सञ्चालन गर्नेछ ।

(२) **स्वास्थ्य चौकी** : गाउँपालिकाले प्रत्येक वडा अर्थात तोकिएको जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पूरा गरी स्वास्थ्य चौकी सञ्चालन गर्नेछ :

(क) **जनशक्ति** : सि.अ.हे.व.छैंटौ/हे.अ.छैंटौ १ जना, अ.हे.व. २ जना, अ.न.मी. २ जना, आवश्यकता अनुसार ल्याव १ जना तथा फार्मेसी १ जना र सहायक कर्मचारीहरु रहनेछन् ।

(ख) **भवन कोठा** : प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, स्तनपान कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको अपाङ्ग तथा वाल मैत्री भवन निर्माण गर्नुपर्नेछ ।

(ग) **उपकरण** : प्राथमिक उपचारका आधारभूत उपकरणहरु र स्वास्थ्य संस्था सञ्चालनका उपकरणहरु मापदण्ड र निर्देशिका तथा आवश्यकता अनुसार व्यवस्थापन गर्नुपर्ने छ ।

गाउँपालिका
कार्यपालिकाको कार्यालय
२०७३

अध्यक्ष

(घ) दफा (१) र (२) को (क,ख,ग) मा जुनसुकै कुरा उल्लेख भएतापनि स्वास्थ्य संस्थाहरुमा संघ तथा प्रदेशको मापदण्ड लाई आधार मानिने छ ।

(३) **आयुर्वेद तथा वैकल्पिक चिकित्सा :** गाउँपालिकाको क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योग, ध्यान लगायतका रोकथाममूलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्ट तथा संघ संस्थाहरुसँगको साझेदारीमा वा आफैंले गाउँपालिकामा कम्तिमा एउटा आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गरिनेछ ।

**(४) भौगोलिक विकटताको कारण स्वास्थ्य सेवाबाट बञ्चित समुदायको स्वास्थ्य सेवा संचालन गर्न आवश्यकता अनुसार दरबन्दि सृजना गरि सामुदायिक स्वास्थ्य इकाईको स्थापना गर्न सक्नेछ । यो जानकारी प्रदेश सामाजिक विकास मन्त्रालय र संघीय स्वास्थ्य मन्त्रालयलाई जानकारी गराईनेछ ।**

**५) स्वास्थ्य संस्था सञ्चालन र व्यवस्थापन सम्बन्धी अन्य मापदण्ड संघ, प्रदेश र गाउँपालिकाले तोके बमोजिम हुनेछ ।**

**(क) नेपाल सरकार र प्रदेश सरकारले तोकेको जनशक्तिमा आवश्यकता अनुसार गाउँपालिकाले जनशक्ति थप गर्न सक्नेछ ।**

**१२. निजी क्षेत्रमा अस्पताल सञ्चालन सम्बन्धि व्यवस्था ।**

(१) गाउँपालिका क्षेत्रभित्र निजी, ट्रष्ट वा लोककल्याणकारी तथा सहकारी संस्थाद्वारा अस्पताल सञ्चालन गर्न चाहेमा २५ शैया सम्मको सञ्चालन अनुमती स्वास्थ्य समितिको निर्णयनुसार स्वास्थ्य शाखाले दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल सञ्चालन गर्न चाहने निकायले अनुमतिको लागि तोकिए बमोजिम गाउँपालिकाको स्वास्थ्य शाखामा निवेदन दिनु पर्नेछ ।

(३) स्वास्थ्य शाखामा प्राप्त निवेदन उपर अध्ययन अवलोकन गरी तोकिएको पूर्वाधार तथा मापदण्ड पूरा गरेमा अस्पताल सञ्चालनको अनुमति प्रदान गर्न सक्ने गरी आशय पत्र प्रदान गर्न प्रतिवेदन सहित गाउँपालिका स्वास्थ्य समितिमा सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा गाउँपालिका स्वास्थ्य समितिले ३ महिना भित्र तोकिएको मापदण्ड पूरा गरेमा अस्पताल सञ्चालनको अनुमति प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।

(५) उपदफा (३,४) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पूरा गरेको ठहर भएमा अस्पताल सञ्चालनको अनुमति प्रदान गर्न सक्नेछ । अनुमति प्रदान गर्दा एक वर्षका लागि अस्थायी र दुई, दुई वर्षमा तोकिएको रकम बुझाई नवीकरण गर्नेगरी स्थायी स्वीकृति प्रदान गरिनेछ ।

(६) आशयपत्रमा उल्लेख गरिएको समयसीमा भित्र तोकिएको मापदण्ड पूरा नगरेको पाईएमा अनुमति प्रदान गरिनेछैन ।

(७) माथि जुन सुकै कुरा उल्लेख भएपनि सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरुको अनुगमनको क्रममा यस ऐनमा तोकिएको पूर्वाधार तथा मापदण्ड यथावत नरहेको पाईएमा सफाइको मौका दिई स्वास्थ्य समितिको निणर्यअनुसार अनुमति रद्द समेत गर्न सकिनेछ ।

**१३. अस्पताल सञ्चालन गर्न आवश्यक मापदण्ड : गाउँपालिकाको गाउँपालिका स्वास्थ्य समितिको अनुमतिमा सञ्चालनमा रहेका अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पूरा गर्नुपर्नेछ ।**

(१) जनशक्ति : कम्तिमा ३ जना डाक्टर (१ जना विषय विशेषज्ञ), १ जना रेडियोलोजिस्ट ६ जना स्टाफ नर्स, ३ जना ल्याव टेक्निसियन, ६ जना स्वास्थ्य सहायक ( हे.अ,फार्मेसी, अ.हे.व, अ. न.मि ) र आवश्यक मात्रामा सहायक तथा सहयोगी स्वास्थ्यकर्मी र व्यवस्थापनका कर्मचारीहरु नियुक्ति गर्नुपर्नेछ ।

(२) भवन तथा कोठा : दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याविन, जनरल वार्ड , विरामी कुरुवा घर ,नर्सिङ कक्ष, प्रशासन कक्ष, फार्मेसी, पार्किङ, केहि खुल्ला भाग र भौतिक पूर्वाधार अपाङ्ग तथा बालमैत्री हुनुपर्नेछ ।

(३) उपकरण र पूर्वाधार : सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहर व्यवस्थापनको प्रणाली भएको साथै आवश्यक उपकरणहरु जस्तै : ल्यावका उपकरण एक्सरे, यु.एस.जि., ईसिजि तथा आवश्यक फोरसेपहरु हुनुपर्नेछ ।

दफा ११ र १२ का आधारहरु भने संघ तथा प्रदेशको सञ्चालन तथा स्वीकृत मापदण्डसँग तादाम्यता कायम
गरिनेछ ।

(४) अन्य मापदण्ड र पूर्वाधार तोकिए बमोजिम हुनेछ ।

अध्यक्ष

**१४. पोलिक्लिनिक सञ्चालनको अनुमति :**

गाउँपालिकाको गाउँपालिका स्वास्थ्य समितिको अनुमतिमा सञ्चालनमा रहेका पोलिक्लिनिकहरुले देहाय अनुसारको मापदण्ड पूरा गर्नुपर्नेछ ।

(१) ~~जनशक्ति : न्यूनतम~~ १ जना डाक्टर, १ जना स्टाफ नर्स, १ जना ल्याव टेक्निसियन, ४ जना स्वास्थ्य सहायक ( हे.अ,फार्मेसी, अ.हे.व, अ. न.मि ) र आवश्यक मात्रामा सहायक तथा सहयोगी स्वास्थ्यकर्मी र व्यवस्थापनका कर्मचारीहरु नियुक्ति गर्नुपर्नेछ ।

(२) भवन तथा कोठा : दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका बिरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, फार्मेसी, पार्किङ, केहि खुल्ला भाग र भौतिक पूर्वाधार अपाङ्ग तथा वालमैत्री हुनुपर्नेछ ।

(३) उपकरण र पूर्वाधार : सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहर ब्यवस्थापनको प्रणाली भएको साथै आवश्यक उपकरणहरु जस्तै : ल्यावका उपकरण एक्सरे, यु.यस.जि, ईसिजि तथा आवश्यक फोरसेपहरु हुनुपर्नेछ ।

दफा ११ र १२ का आधारहरु भने संघ तथा प्रदेशको सञ्चालन तथा स्वीकृत मापदण्डसंग तादाम्यता कायम गरिनेछ ।

(४) अन्य मापदण्ड र पूर्वाधार तोकिए बमोजिम हुनेछ ।

**१५. प्रयोगशाला वा ल्याबोरेटोरी सञ्चालन :** व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्यावोरेटोरी सञ्चालन गर्न चाहेमा संघ, प्रदेश तथा गाउँपालिकाले जारी गरेको माप दण्ड र देहायका पूर्वाधार पूरा गरी स्वास्थ्य शाखावाट स्वीकृति लिनु पर्नेछ ।

(१) सञ्चालकको विवरण र नागरिकताको प्रमाणपत्र ।

(२) प्रयोगशाला वा ल्याबोरेटोरी सञ्चालन गर्ने स्थान र जग्गा धनी प्रमाण पूर्जा वा भाडामा भए घर धनी र सञ्चालक विचको कम्तिमा ५ वर्षे घर भाडा सम्वन्धी सम्झौता पत्र ।

(३) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र ।

(४) ल्यावमा उपलब्ध हुने परीक्षणको प्रकार ।

(५) ल्यावमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण ।

(६) प्रस्तावित लागत ।

(७) राष्ट्रिय प्रयोगशालाबाट सञ्चालनको अनुमति लिएको हुनुपर्नेछ ।

(८) अन्य व्यवस्था तोके बमोजिम हुनेछ ।

**१६. फार्मेसी सञ्चालन सम्वन्धी व्यवस्था :**

(१) गाउँपालिका क्षेत्रभित्र फार्मेसी सञ्चालन गर्न चाहेमा संघ, प्रदेश र गाउँपालिकाले तोकेको मापदण्ड पूरा गरी स्वास्थ्य शाखाबाट अनुमति लिनु पर्नेछ ।

(२) फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र, नागरिकता र हालको वसोवास, ठेगाना, प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गर्नुपर्ने ।

(३) प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी सञ्चालनको अनुमति दिन सक्नेछ ।

(४) फार्मेसी सञ्चालनको लागि औषधी व्यवस्था विभागको स्वीकृति लिएको हुनुपर्नेछ ।

**१७. मापदण्ड पूरा नगरेमा सजाय हुने :- यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम उल्लङ्घन गरेको पाईएमा गाउँपालिका वा तोकिएको निकायले देहाय बमोजिम दण्ड सजाय गर्नसक्नेछ ।**

(१) स्वास्थ्य संस्थाले प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा सञ्चालनको अनुमति लिदा तोकिएको मापदण्ड पूरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पूरा गरेको पाइएमा स्वास्थ्य समितिले सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृति, खारेजीको लागि गाउँपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेकका व्यक्तिले रगत, दिशापिसाव, खकार लगायतको परिक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला वन्द गराउन सक्ने, सञ्चालकलाई कालोसूचीमा राखी सो को आम जनतालाई जानकारी दिइनेछ ।

अध्यक्ष

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी वाहेक अरुले औषधी बेचेको पाईएमा सचेत गराउने, जरिवाना गर्ने देखि अनुमति खारेज गर्न सकिनेछ ।

(४) अन्य कानुन उल्लङ्घनको हकमा संघ, प्रदेश वा स्थानीय तहको कानुन बमोजिम दण्ड जरिवाना गर्ने, अनुमति खारेज समेत गर्न सकिनेछ ।

५) माथि जुनसुकै कुरा उल्लेख भएतापनि कुनै कसैलाई दण्ड सजायँ गर्नु अघि मनासिव माफिकको सफाईको मौका प्रदान गरिनेछ ।

१८. **सहुलियत र छुटको व्यवस्था गर्नुपर्ने :** निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परीक्षणका क्रममा तोकिएको शुल्क र शैयामा तोकिएको प्रतिशत, तोकिएको सेवाग्राहीहरुको लागि छुट वा मिनाह दिनुपर्नेछ, साथै शहिद लखन गाउँपालिका भित्र सञ्चालित निजी तथा सामुदायिक अस्पतालहरुले प्रत्येक वर्ष गाउँपालिकाको सल्लाह र समन्वयमा कम्तिमा एक पटक गाउँपालिकाले तोकेको स्थानमा अनिवार्य नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गर्नुपर्नेछ ।

## परिच्छेदः ३

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वंयम्सेवा सम्बन्धी व्यवस्था

१९. **स्वास्थ्यकर्मीको व्यवस्थापनः गाउँपालिका भित्रका सामुदायिक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन् :**

(१) **स्थायी :** नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका र तोकिएका स्वास्थ्यकर्मीहरु

(२) **करार :** स्थानीय माग र विशिष्टताका आधारमा गाउँपालिका मार्फत करार सेवामा नियुक्त स्वास्थ्यकर्मीहरु

(३) **अभ्यासकर्ता :** राष्ट्रिय तथा स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं गाउँपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरी सम्बन्धित परिषदमा दर्ता भएका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा बढीमा १ वर्षको लागि काममा लागाउन सकिने छ ।

(४) **ओ.जे.टि. सम्वन्धमा :** कुनैपनि शिक्षण संस्थाबाट ओ.जे.टि मा आएका छात्रा तथा छात्रलाई स्वास्थ्य शाखा मार्फत स्वास्थ्य संस्थाहरुमा पठाउन सकिनेछ , सो वापत सम्वन्धित संस्थासँग गाउँपालिकाले तोके बमोजिम शुल्क लिने छ ।

२०. **स्वास्थ्य अभियानकर्ता/स्वास्थ्य विमा कर्ता/स्वास्थ्य स्वयंसेविकाको व्यवस्था :** स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन गाउँपालिकाले पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु नियुक्त गर्न सक्नेछ ।

(१) महिला स्वास्थ्य स्वयंसेविका र पुरुष अभियानकर्ताहरु नियूक्तिका लागि २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्युनतम माध्यमिक शिक्षा परीक्षा (SEE) कक्षा अध्ययन गरेको सम्वन्धित वडाको विवाहित नागरिक हुनुपर्ने छ ।

(२) एउटा वडामा अधिकतम संख्या १० हुने गरी औसत प्रति ३०० जनसंख्याको लागि १ जना महिला स्वास्थ्य स्वयंसेविका र ५०० जनसंख्याको लागी १ जना पुरुष अभियानकर्ताको सिफारिस वडा समितिले गाउँपालिका समक्ष गर्नसक्ने छ ।

(३) प्रत्येक महिला स्वास्थ्य स्वयंसेविका र अभियानकर्ताहरुले आधारभूत स्वास्थ्य सम्वन्धी ७ दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ । गाउँपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम अभिमुखीकरण प्रदान गर्नेछ ।

(४) यसभन्दा पहिले देखिनै कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्ये निरक्षर र ६० बर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरी बिदाइ गर्न सकिनेछ र नयाँ नियुक्ति गर्दा कम्तिमा माध्यमिक शिक्षा परीक्षा (SEE) उत्तीर्णलाई मात्र नियुक्ति दिइनेछ ।

(५) स्वास्थ्यबिमासँग सम्वन्धित कार्यक्रमको स्वास्थ्य शाखाले बिमाकर्ता परिचालन, समन्वय र अनुगमन स्वास्थ्य विमा निर्देशिका बमोजिम गर्नेछ ।

शहिद लखन गाउँपालिका गाउँपालिकाको कार्यालय गोरखा २०७४



अध्यक्ष

२१. **स्वास्थ्यकर्मीको सेवा सुविधा :**

(१) स्थायी स्वास्थ्यकर्मी : नेपाल सरकारले तोके वमोजिम तलव र गाउँपालिकाले जोखिम भत्ता, २४ सै घण्टा सेवा संचालन गरेमा रात्रि भत्ता एवं अतिरिक्त सुविधा तथा अन्य सेवा सुविधा व्यवस्था गर्नसक्नेछ ।

(२) करार स्वास्थ्यकर्मी : प्रचलित तलब स्केल र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मी : निर्वाह भत्ताको रुपमा गाउँपालिकाले तोके बमोजिम सेवा सुविधा उपलब्ध गराउन सकिने छ ।

(४) अभियानकर्ता/महिला स्वास्थ्य स्वयंसेविका : पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, र स्वास्थ्य सेवा सम्बन्धी अभियान तथा अन्य काममा खटाईएको समयमा दिइने खाजा तथा यातायात सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

२२. **स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियुक्ति :** सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी संघ, प्रदेश र गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(१) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट तोकिए बमोजिम र समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहनेछन् । समायोजन भई नआएमा वा थप कर्मचारीको आवश्यकता भएमा गाउँपालिकाले करारमा स्वास्थ्यकर्मी, कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करारमा तथा अन्य थप स्वास्थयकर्मी/कर्मचारी नियुक्त गर्नुपर्ने भएमा करार नियुक्ति सम्बन्धि व्यवस्था देहाय वमोजिमको छनौट समितिवाट हुनेछ :

| | | |
|---|---|---|
| क) | गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| ख) | गाउँ कार्यपालिकाले तोकेको सम्बन्धित विषयको विज्ञ | सदस्य |
| ग) | गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख | सदस्य |

२३. **कर्मचारी सरुवा :**

(१) गाउँपालिका भित्र कार्यरत स्वास्थ्यकर्मीहरुको आन्तरिक सरुवा गाउँपालिका स्वास्थ्य समितिको निर्णय अनुसार प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

(२) सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२४. **कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने :** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गरिनेछ ।

(१) गाउँपालिका प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतसंग स्वास्थ्य शाखा प्रमुखले, उक्त अधिकृतसंग स्वास्थ्य संस्थाका प्रमुखहरुले र प्रमुखसंग अन्य कर्मचारीहरुले कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुनेछ । करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी गाउँ कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य शाखाको सिफारिसमा गाउँपालिका स्वास्थ्य समितिले गर्नेछ ।

२५. **कार्य सम्पादन मूल्याङ्कन र सजाँय तथा पुरस्कार**

(१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र लक्षित कार्यसम्पादन पूरा गर्न नसक्ने कर्मचारीलाई तोकिए बमोजिम सजाय गरिनेछ ।

(२) कार्यसम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाय सम्बन्धी व्यवस्था तोकिए बमोजम हुनेछ ।

परिच्छेदः ४

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

**२६. वार्षिक खरिद योजना बनाउनु पर्ने :**

(१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई गाउँपालिकामा स्वीकृत गराउनु पर्नेछ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य शाखाको सहयोगमा गाउँपालिकाको खरिद ईकाईले तयार गर्नेछ ।

**२७. औषधी तथा स्वास्थ्य उपकरण खरिद**

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि गाउँपालिका स्वास्थ्य शाखाले प्रक्रिया अघि वढाउने छ ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानुनहरुको प्रावधान अनुसार गर्नुपर्ने छ ।

**२८. औषधी तथा स्वाथ्य उपकरणको भण्डारण**

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था तोकिए बमोजिम गाउँपालिका स्वास्थ्य शाखाले मिलाउने छ ।

परिच्छेद ५

## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

**२९. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने :**

(१) गाउँपालिकाले स्थानीयस्तरमा सञ्चालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण, निर्देशन र अनुगमन तोकिए बमोजिम गरिनेछ ।

**३०. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन :**

(१) गाँउपालिकाले सङ्घीय र प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक सहजीकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।

(२) गाँउपालिकाले तोके बमोजिम आवश्यकतानुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरी सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।

(३) विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका, २०७५ ( नेपाल सरकार ) अनुसार हुनेछ ।

**३१. सरसफाइ र स्वच्छताका लागि अनुगमन तथा नियमन :**

(१) स्वस्थ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य समितिले आवश्यक व्यवस्थाको लागि सिफारिस गर्नेछ ।

(२) प्रदुषण वढाउने उद्योग, संस्थान वा व्यक्तिलाई सो सम्वन्धी सचेत गराउन र सोबाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिस गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम गाउँपालिका स्वास्थ्य समितिको सिफारिसमा गाँउ कार्यपालिकाले दण्ड, जरिवाना तथा तोके बमोजिम कारवाही गर्नेछ ।

अध्यक्ष

परिच्छेद ६

## महामारी रोकथाम, फोहरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

**३२. रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्ने :**

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा तुरुन्त र नसर्ने रोग लागेमा बढिमा ५ दिन भित्र स्वास्थ्य संस्था वा स्वयंसेविकालाई जानकारी गराउनु पर्नेछ ।

(२) जानकारी गराईएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र गाउँपालिकाको स्वास्थ्य सूचना प्रणालीमा समावेश गराउनु पर्नेछ ।

**३३. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन गर्नुपर्ने**

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा गाउँपालिकाले सोको प्रभाव क्षेत्र निक्यौंल गरि विद्यालयहरु वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत रोक लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितिमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक सतर्कता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र महामारी वा दुर्घटनामा उद्धार गर्न आवश्यक थप जनशक्तिको लागि अन्य स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

(३) महामारी, प्रकोप तथा दुर्घटनामा जनशक्ति परिचालन गर्न द्रुत प्रतिकार्य टोली ( RRT ) गठन गरिनेछ।

(४) द्रुत प्रतिकार्य टोली ( RRT ) गठन सोहि निर्देशिका बमोजिम हुनेछ ।

विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि आवश्यकता अनुसार समिति र उप समिति गठन गर्न सकिनेछ ।

**३४. सुर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन :**

(१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि गाउँपालिकाबाट तोकिए बमोजिम अनुमति लिनुपर्नेछ ।

(२) खाद्य पदार्थ विक्री गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरण गर्न बन्देज लगाइने छ ।

(३) गाउँपालिकाले सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाटवजार जस्ता क्षेत्रहरुको निश्चित दुरी भित्र धुम्रपान र मदिरापान निषेध गर्नेछ ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले तोके बमोजिम कारवाही गर्न सक्नेछ ।

**३५. सरसफाइ सम्बन्धी कार्यक्रम तथा स्वास्थ्य संस्था फोहोर मैला व्यवस्थापन :**

(१) गाउँपालिका स्वास्थ्य शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाइ तथा स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापनको मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र गाउँ कार्यपालिका वैठकबाट अनुमोदन गराउनु पर्ने छ ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु परिचालन गरि सवै घरपरिवारसम्म जानकारी गराउनेछन् ।

(३) घर तथा भवन निमार्ण गर्दा शौचालयको फोहर व्यवस्थापन गर्ने विधि र घरेलु फोहर बिसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था भएको हुनुपर्ने छ ।

(४) एउटा परिवारको शौचालय, ढल र फोहरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति फोहरमैला व्यवस्थापन ऐन, २०६८ ( संसोधन सहित ) अनुसार हानी पुऱ्याउने परिवारले तिर्नुपर्नेछ ।



अध्यक्ष

(५) शहरी तथा अर्ध शहरी क्षेत्रमा निस्कासित फोहरमैला पुनःप्रयोग गरि कम्पोष्ट मल बनाइएको अवस्थामा गाउँ कार्यपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्नेछ ।

(६) स्वास्थ्य संस्थाहरुमा उत्पन्न हुने फोहर मैला व्यवस्थापनको लागि संक्रमण निवारण कार्यविधि अनुसार हुनेछ ।

## परिच्छेद ७
## विविध

**३६. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिस:**

(१) सङ्घीय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल तथा निदान केन्द्र स्थापनाका लागि सम्बन्धित वडा र गाउँपालिकाबाट सिफारिस लिनुपर्ने छ ।

(२) उपदाफा (१) बमोजिमको सिफारिस लिदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनीकरणका लागि कार्यक्रम र वजेट प्रस्ताव गरिएको हुनुपर्नेछ ।

(३) सिफारिसका लागि गाउँपालिका आर्थिक ऐनले तोके वमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

**३७. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्ने :**

स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्न सङ्घीय तथा प्रदेश सरकारले सञ्चालन गरेको अभियानलाई गाउँपालिका स्वास्थ्य शाखाले समन्वय गर्नेछ ।

**३८. स्वास्थ्य शाखाले स्वास्थ्य संस्थाको समन्वयमा वडा समितिको सहयोग लिई आमा समूह, धामी झाक्री र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई अनुगमन र नियमन गर्नेछ ।**

**३९. गाउँपालिकाक्षेत्र भित्र सञ्चालित स्वास्थ्य संस्थाहरुले आफ्नो प्रगति विवरण मासिक, त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक रुपमा गाउँपालिकाको स्वास्थ्य शाखा समक्ष बुझाउनु पर्नेछ ।**

**४०. गाउँपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट, सहकारी र व्यक्तिहरुसँग विभिन्न कार्यक्रमका लागि साझेदारी गर्न सक्नेछ र तिनीहरुबाट औषधी, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ ।**

**४१. स्वास्थ्य शिविर :** गाउँपालिकाको कुनैपनि स्थानमा कुनैपनि संघ संस्था तथा व्यक्तिले निःशुल्क वा सशुल्क स्वास्थ्य शिविर सञ्चालनको लागि स्वास्थ्य शाखाबाट अनिवार्य अनुमति लिनुपर्नेछ, अन्यथा गाउँपालिकाले दण्ड जरिवाना तथा कानुनी कारवाही गर्नेछ ।

**४२. पुनरावेदन :** तोकिएको अधिकारीले गरेको सजाँयको आदेशउपर कानून वमोजिम पुनरावेदन लाग्नेछ ।

**४३. प्रचलित पुर्वाधार तथा मापदण्ड पूरा गरि यस अघि सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरु यसै ऐन बमोजिम सञ्चालन भएको मानिनेछ तर निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्थाहरुले यो ऐन जारी भएपछि यस ऐनमा व्यवस्था भएका मापदण्ड र पूर्वाधार पूरा गरी तोकिएको बमोजिम विवरण खुलाई तोकिएको रकम सहित दुई/दुई वर्षमा नविकरण गर्नुपर्नेछ ।**

**४४. नियम बनाउने अधिकार :**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले संघ र प्रदेशको ऐनमा व्यवस्था भएको विषय तथा अन्य विषयको अतिरिक्त देहायका विषयमा नियम, कार्यविधि तथा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(क) रक्त सञ्चार सेवा सञ्चालन ।

(ख) स्वच्छ खानेपानी तथा खाद्यपदार्थको गुणस्तर, वायु तथा ध्वनिको प्रदुषण ।

(ग) प्रजनन् स्वास्थ्य र पोषण सेवाको सञ्चालन र संवर्द्धन ।

(घ) स्वास्थ्यजन्य फोहरमैला संकलन, पुनउपयोग, प्रशोधन, बिर्सजन तथा व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसंग समन्वय, सहकार्य र साझेदारी ।

(ङ) महिला तथा बालबालिकाको पोषण व्यवस्थापन ।

(च) परिवार नियोजन तथा मातृ शिशु कल्याण ।
(छ) जनरल अस्पताल, नर्सिङ्गहोम, निदानकेन्द्र, क्लिनिक तथा स्वास्थ्य सेवा केन्द्र ।
(ज) औषधीजन्य जडिवुटी तथा अन्य औषधीजन्य बस्तु सम्वन्धी ।
(झ) जनस्वास्थ्य सरोकार तथा स्वास्थ्य सेवाको निगरानी ।
(ञ) जुनैटिक तथा विभिन्न किटजन्यरोग तथा रोकथाम सम्वन्धी ।
(ट) एम्वुलेन्स तथा स्वास्थ्य सेवा प्रदान गर्ने यातायात सम्वन्धी ।
(ठ) आकस्मिक तथा भैपरि आउने स्वास्थ्य सेवा सम्वन्धी ।

(२) यस ऐनको कार्यान्वयनको लागि संघ तथा प्रदेश निर्देशिका अनुसार गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

४५. **संक्रमणकालीन व्यवस्था :** यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँपालिका स्वास्थ्य समितिले आवश्यक कार्यविधि तोकि सम्पादन गर्न सक्नेछ ।

४६. **बाधा अड्काउ फुकाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ । तर यस्तो आदेश गाउँ सभाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।

४७. **बचाउ र लागू नहुने :**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित ऐन, कानुन तथा नियम बमोजिम हुनेछ ।

(२) संविधान, सङ्घीय कानुन, प्रादेशिक कानुनसंग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु वाझिएको हदसम्म स्वतः निस्क्रीय हुनेछ ।

**मिति २०७५।११।२९ गतेको गाउँसभा बैठकबाट पारित भएको ब्यहोरा प्रमाणित गर्दछु ।**

**नामः रमेश वावु थापा मगर**

**पदः अध्यक्ष**

**दस्तखतः**

**मितिः २०७५।११।२९**